जिल्ला प्रशासन कार्यालय रामेछापद्वारा प्रकाशित

कोभिड-१९ मैत्री मासिक-E बुलेटिन

# बुलेटिन




वर्ष १ २०७७ भाद्र मसान्त अंक ६

## बजार अनुगमन





विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनु पर्ने सुरक्षा मापदण्ड पालना भए/नभएको विषयमा लगायत मूल्यवृद्धि, कालोबजारी नियन्त्रण तथा उपभोक्ता स्वास्थ्यमा प्रतिकुल असर पार्ने वस्तुहरूको बिक्री वितरणमा नियन्त्रण गर्ने तथा अनुगमन गर्न जिल्ला प्रशासन कार्यालय, रामेछापको नेतृत्व एवं घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला प्रहरी कार्यालय, उपभोक्ता हित संरक्षण लगायत विषयगत कार्यालयहरुको प्रतिनिधि सहितको टोलीले संयुक्त रूपमा मिति २०७७/०५/०२ र ०३ गते मन्थली नगरपालिका वडा नं. १ स्थित मन्थली बजारका खाद्य/किराना, तरकारी, फलफुल, हार्डवेयर तथा टायर पसलहरूको अनुगमन गरिएको थियो । उल्लेखित पसलहरुबाट म्याद गुज्रेका फलफुल तथा खाद्य सामग्रीहरु जफत गरिएको थियो । हाडवयर पसलबाट म्याद नाघेका इनामेल, पेन्ट लगायतका सामाग्रीहरु जफत गरिएको थियो । अनुगमनका क्रममा अनमिका स्टोर्स, मन्थलीले म्याद नाघेको/सडेगलेको तथा लेबल नखुलेको विभिन्न खाद्यान्न बिक्री गरिरहेको पाईएकोले उक्त स्टोर्सलाई रू.२०,०००।—(अक्षरेपी बीस हजार रूपैयाँ) र गणेश टायर सेन्टर, मन्थलीले अनुगमन टोलीलाई खरिद तथा बिक्री बिल बिजक माग गरेको बखत उपलब्ध नगराएकोले उक्त टायर सेन्टरलाई रू.१०,०००।—(अक्षरेपी दश हजार रूपैयाँ) जरिवाना गरी अन्य व्यवसायीहरुलाई आवश्यक निर्देशन दिएको थियो ।

## कालो बजार तथा नाफाखोरी अन्तर्गत मुद्दा दायर

मिति २०७७/०५/०२ गतेको मन्थली नगरपालीका वडा नं. १ स्थित कृषक जागरण कृषी सहकारी संस्था लि. को केन्द्रबाट रासायनिक मल बिक्री वितरण सम्बन्धमा यस कार्यालयमा गुनासो आई तत्काल यस कार्यालयको नेतृत्वमा अनुगमन हुँदा उक्त बिक्री केन्द्रबाट सहकारीका व्यवस्थापक पदम बहादुर लामाले साल्ट्र टेडिङ्ग कर्पोरेसन लि. बनेपाबाट प्रतिवोरा रु. ८४६/- रुपयाँमा खरिद गरी ल्याएको यूरिया मललाई एमोनियम सल्फेट मल हो भनि प्रतिवोरा रु. १८००/- मा कृषकहरुलाई बिक्री वितरण गरेको पाइएको हुँदा सहकारी व्यवस्थापक तथा विक्रेता पदम बहादुर लामालाई तत्काल पक्राउ गरी अनुसन्धान भएकोमा निज विरुद्ध कालो बजार तथा अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा अभियोग पत्र दायर भएकोमा निजबाट मिति २०७७/०५/११ गते रु. २ लाख धरौटी लिई यस कार्यालयबाट मुद्दा पुर्पक्षको लागि निजलाई तारिखमा छाडिएको छ ।

## अन्या जरीवाना/कार्वाहीहरु

१. निषेधाज्ञाको उल्लघन गरी तराईका जिल्लाबाट अनुमति विना यस जिल्लमा यूरिया मल ल्याई विक्रि वितरण कार्य गर्न खोजेको अवस्थामा फेला पारी उक्त कार्य गर्नेलाई संक्रमण रोग ऐन, २०२० बमोजिम रु.६००।- (छ सय) जरिवाना गरी १७ बोरा मल समेत जफत गरिएको ।

२. हाल सम्म माक्स नलगाई अटेरी गर्ने ५९३ जनालाई रु. ५९,३००।- जरिवाना गरी कार्वाही गरिएको, मास्क नलगाई हिड्नेहरुलाई सचेत गराई छाडिएको ।







## घरमानै बसौं कोरोना भाइरसबाट आफू बचौं र अरुलाई पनि बचाऔं।

# मिति २०७७ भाद्र ११ मा जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकबाट भएको मुख्य-मुख्य निर्णयहरु



१. नेपाल सरकार मिति २०७७/०५/१४ को निर्णानुसार, सबै प्रदेश सरकार तथा स्थानीय तहले संकट जोखिम विश्लेषणका आधारमा प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (PCCMC) र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को समन्वयमा Isolation वार्डको प्रबन्ध गर्ने, प्रदेश र स्थानीयबाट प्रबन्ध हुने आइसोलेसन वेडको व्यवस्था र संचालनका लागि आवश्यक बजेट प्रदेश कोरोना संक्रमण रोकथाम तथा उपचार कोषबाट उपलब्ध गराउने सो कोषबाट रकम उपलब्ध गराउन सक्ने अवस्था नभएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपलब्ध गराउने निर्णानुसार छलफल गर्दा सोही अनुरुप स्थानीय तहहरुले Isolation bed विस्तार गर्ने ।

२. कोभिड-१९ को संक्रमणको दर बढिरहेकोले मिति २०७७/०५/१३ देखि मिति २०७७/०५/१८ गते राती १२बजेसम्म लगाइएको निशेधाज्ञालाई मिति २०७७/०५/२५ गतेसम्म निरन्तरता दिने निर्णय गरियो । यस सम्बन्धि विस्तृत सूचना जिल्ला प्रशासन कार्यालयले जारी गर्ने ।

३. क्यान्सरका किमो लिने बिरामी, डाइलासिस गर्ने बिरामी अन्य दिर्घ रोगी बाहेक उपचार सम्भव भए सम्म जिल्ला भित्र कै अस्पताल, स्वास्थ्य संस्थामा उपचार गराउने व्यवस्था मिलाउने र यसको सहजिकरण स्थानीय पालिका वडातहबाट गर्ने ।

४. नियमीत उपचार गराउन काठमाण्डौ जाने/आउने विरामीमा कोभिड-१९ संक्रमित पुष्टि देखिन थालेकोले एम्बुलेन्स चालकहरुले Emergency विरामी मात्र लाने ल्याउने व्यवस्था गर्ने र एम्बुलेन्समा यात्रा गर्ने विरामीको विवरण, सम्पर्क नं., दैनिक रुपमा तयार गरी आवश्यक परेको अवस्थामा जनस्वास्थ्य कार्यालयमा पठाउने ।

५. कोभिड-१९ को कारण निषेधाज्ञा, बन्दाबन्दीले पारेको प्रभाव र जिल्लाबाट गर्नुपर्ने सहजीकरण सम्बन्धमा स्थानीय संकट व्यवस्थापन केन्द्रले निर्णय गरी जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रमा पठाउने ।

६. कुनै व्यक्तिमा कोभिड-१९ संक्रमण पुष्टि भएको जानकारी पाएपछि संक्रमित व्यक्ति तोकिएको Isolation मा बस्नु हुन र जिल्ला स्वास्थ्य कार्यालयको सहयोग एवं समन्वयमा Tracing गर्ने कार्य स्थानीय तहबाट गर्ने साथै संक्रमित व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरु अनिवार्य Home Isolation/क्वारेन्टिनमा बस्नु हुन र निजको घरमा खाद्यान्न लगायत अत्यावश्यक वस्तुको आपूर्तिको व्यवस्था सम्बन्धित वडाबाट मिलाउने ।

७. सबै नगरपालिका र गाउँपालिकाका वडा, टोल र समुदायस्तरमा वडाका प्रतिनिधि, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयमसेविका, रेडक्रस, गैससका प्रतिनिधिको गठित कोरोना रोकथाम समुह Covid-19 Prevention Group (CPG) लाई कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणमा सकृय रुपमा परिचालत गराउन पालिकाहरुलाई अनुरोध गर्ने ।

८. जिल्लाको बजार क्षेत्रहरुमा संचालनमा आएका खाद्यान्न पसल, रेष्टुरेन्ट, होटल, आदि उद्योग व्यवसायमा संलग्न व्यक्तिहरु धेरै जनसम्पर्कमा आउने र जोखिम हुने भएकोले त्यस्ता कर्मचारी तथा व्यवसायीहरुको सम्बन्धित उद्योग व्यवसायीहरुले आफ्नै खर्चमा अनिवार्य PCR परीक्षण गर्ने व्यवस्था मिलाई उद्योग व्यवसाय संचालन गर्ने र यसको व्यवस्था उद्योग बाणिज्य संघले गर्ने ।

९. छिमेकी जिल्लाहरुबाट धार्मिक, सास्कृतिक, पितृ कार्यको वहानामा ठूलो संख्यामा मानिसहरु आउने क्रम रहेकोले नियन्त्रणको लागि उपत्यका लगायतका जिल्लाहरुलाई अनुरोध गर्ने ।

# कार्यालय प्रमुखहरुको बैठक

## मिति २०७७ भाद्र १६ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्थित सम्पूर्ण कार्यालयका प्रमुखहरुको बैठक सम्पन्न भई देहाय बमोजिमको निर्णयहरु



१. सबै कार्यालयहरुले आफ्नो कार्यालयको चल अचल सम्पत्ति अद्यावधिक गरी सुरक्षित राख्ने ।

२. कार्यालय परिसर सफा, हरियालीयुक्त राख्ने, एक कर्मचारी एक बिरुवा रोप्ने अभियान सञ्चालन गर्ने ।

३. कार्यालय परिसरमा नागरिक सहायता कक्ष, सफा पिउने पानी, हातधुने व्यवस्था, अपाङ्गमैत्री प्याम्प तथा शौचालय, महिलामैत्री शौचालयको व्यवस्थापन गर्ने ।

४. निषेधाज्ञाको समयमा सबै सेवाहरु सूचारु नभएको अवस्थामा न्यूनतम कर्मचारीहरुबाट सेवा प्रवाहको व्यवस्था मिलाउने, सेवा प्रवाह गर्दा कोभिड-१९ सम्बन्धि स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गर्ने/गराउने सकेसम्म विद्युतीय माध्यमबाट सेवा प्रवाहको व्यवस्था मिलाउने ।

५. कोभिड-१९ को संक्रमणको जोखिम बढ्दै गएको, काठमाण्डौ उपत्यका लगायत छिमेकी जिल्लामा समेत संक्रमण उच्च गतिमा बढेकोले अत्यावश्यक नपरी जिल्ला बाहिर आवत-जावतमा नियन्त्रण गर्ने, मातहतका कर्मचारीलाई पनि पूर्ण रुपमा निगरानी गरी सुरक्षित रहने उपाय अपनाउने ।

६. अत्यावश्यक कार्यको लागि तराई लगायत काठमाण्डौ उपत्यकाबाट आएपछि कार्यस्थल/आवासमा नै क्वारेन्टिनमा बसी सुरक्षित रुपमा सेवा प्रवाहको व्यवस्था मिलाउने ।

७. हाललाई समुदाय स्तरमा गर्नुपर्ने तालिम, गोष्ठी, बैठक सञ्चालन नगर्ने, विकास आयोजना लगायत बार्षिक विकास कार्यक्रम अनुरुप कार्यालयबाटै गर्न सकिने काममात्र मापदण्डको पूर्ण पालना सञ्चालन गर्ने व्यवस्था मिलाउने, विकास आयोजनाको पूर्व तयारीको लागि जिल्ला भित्र जानै पर्ने भए न्यूनतम संख्यामा कर्मचारी परिचालन गरी व्यवस्था मिलाउने।

८. सरुवा/बढुवा भई आउने कर्मचारी बाहेक बाहिरी जिल्लाबाट कर्मचारीहरु आवत-जावत नगराउने गराउनै पर्ने भए जिल्ला प्रशासन कार्यालको समन्वयमा गर्ने ।

९. आयोजनाको पूर्व तयारी, खरिद आयोजना, विस्तृत डिजाइन, लागत अनुमान, बोलपत्र आव्हानको कार्य शिघ्र सम्पन्न गर्ने व्यवस्था मिलाउने ।

१०. विद्युत, टेलिफोन र इन्टरनेट सेवा अवरुद्ध भई राखेको पाइएकोले शिघ्र मर्मत संभारको व्यवस्था मिलाई नियमित सेवा प्रवाहको व्यवस्था मिलाउने ।

११. सबै प्रशासकीय अधिकृतहरुले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि लगाईएको निषेधाज्ञा जारी गरिएको सूचनाको पालना भए नभएको पालिका स्तरमा अनुगमन गरी सोको प्रगति प्रतिवेदन पेश गर्ने ।

क) कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि आवश्यक स्वास्थ्य सामग्री खरिद गर्ने, क्वारेन्टिन र आइसोलेसन निर्माण गर्ने, बाहिरबाट आवत-जावतलाई आवश्यक निगरानी, नियन्त्रण तथा सहजीकरणको व्यवस्था गर्ने ।

ख) वडा स्तरसम्म जनचेतना सम्बन्धि सूचना/जानकारी प्रसारण गर्ने ।

ग) शव व्यवस्थापनको लागि आवश्यक साधन, उचित स्थान पहिचान गरी तयारी अवस्थामा राख्ने ।

१२. घरेलु तथा साना उद्योग विकास कार्यालयबाट निरन्तर बजार अनुगमन र खाद्यान्न आपूर्तिको व्यवस्थाको अनुगमन गर्ने।

१३. जिल्ला स्वास्थ्य कार्यालले क्वारेन्टिन र आइसोलेसनको अनुगमन गर्ने । जनस्वास्थ्य मापदण्डको पालना गर्ने/गराउने, कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धि जनचेतनामूलक सन्देश प्रसारण गर्ने, जोखिमयुक्त बस्ती, समुदाय, व्यक्तिको परिक्षणको दायरा बढाउने ।

१४. सबै सरकारी कार्यालले बार्षिक रुपमा उत्कृष्ट कार्य गर्ने १ जना कर्मचारीलाई पुस्कृत गर्ने ।

१५. जिल्ला विपद् व्यवस्थापन समितिले बार्षिक प्रतिवेदन प्रदेश विपद् व्यवस्थापन समितिमा बुझाउने प्रयोजनको लागि जिल्ला स्थित ८ वटै स्थानीय तहहरुलाई आ.व. ०७६/७७ मा स्थानीय विपद् व्यवस्थापन समितिबाट भएको कार्यहरुको विवरण माग गरिएकोमा हालसम्म मन्थली, रामेछाप (नगरपालिका), दोरम्बा, लिखु तामाकोशी र सुनापति (गाउँपालिका) बाट मात्र प्राप्त भएको हुँदा बाँकी पालिकाहरुको प्रमुख प्रशासकीय अधिकृतले ले तत्काल पठाउने ।

१६. यस पूर्व भएका निर्णय कार्यान्वयनको समीक्षा गरी कार्यान्वय नभएका निर्णयहरु कार्यान्वय गर्ने ।

१७. निजामती सेवा दिवसको अवसरमा सबै कार्यालयले आ-आफ्नो कार्यालय र परिसर सरसफाई गर्ने र सरसफाइको व्यवस्थालाई निरन्तरता दिने ।

१८. कोभिड-१९ को रोकथाम र नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, सबै योगदान कर्ताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

# कारागार कार्यालयको अनुगमन



प्रमुख जिल्ला अधिकारीबाट रामेछाप जिल्लामा रहेको एक मात्र कारागार कार्यालयको मिति २०७७/०५/२१ गते अनुगमन गरि उक्त कार्यालयको जनशक्तिको अवस्था, भौतिक अवस्था, कोभिड-१९ ले पारेको प्रभावको अवस्था,कोभिड-१९ को संक्रमणबाट बच्चने उपाय, कैदी बन्दीको जिवनस्तर, कैदी बन्दीहरुको गुनासो र समस्याहरु बुझी सम्पूर्ण समस्या समाधानको लागि निर्देशन भई प्रतिवेदन गृहमन्त्रालय र कारागार विभागमा पठाइएको।

# फूलासी प्रहरी चौकीको अनुगमन



प्रमुख जिल्ला अधिकारीबाट रामेछाप जिल्ला मन्थली नगरपालिकावडा नं. १४ अन्तर्गत रहेको फुलासी प्रहरी चौकीको मिति २०७७/०५/२२ गते अनुगमन गरि देहाय बमोजिमको निर्देशन र सुझाव दिएको छ ।

- हाल चौकी समुदाय नजिक रहेकोले काम गर्न कठिनाई भएकोमा चौकी नजिकै रहेको कालि देवी उ.मा.वि. को नयाँ भवन बनेर खाली भएकोले वडामा छलफल गरी सोही विद्यालयको प्राङ्गणमा अस्थायी रुपमा राख्न जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिइएको ।
- स्थायी रुपमा चौकी बनाउन, आवश्यक देखिएकाले नगरपालिका/वडा सँग समन्वय गरी जग्गा खोजी गर्न जिल्ला प्रहरी कार्यालयलाई निर्देशन भएको ।
- हाल १० जनाको दरबन्दी रहेको चौकीमा ५ जना कार्यरत भएकोमा कोभिड-१९ को रोकथाम र नियन्त्रणमा स्थानीय तहसँग समन्वय गरी प्रभावकारी रुपमा परिचालित हुन निर्देशन भएको ।

# सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्मको अनुगमन



प्रमुख जिल्ला अधिकारीबाट मिति २०७७/०५/१९ गते सशस्त्र प्रहरी बल युनिटको अनुगमन भएको छ । गृह मन्त्रालयबाट प्राप्त पत्रानुसार रामेछाप विमानस्थल विस्तार आयोजना अनुरुप सशस्त्र प्रहरी बलको क्याम्प स्थानान्तरण गर्नु पर्ने सम्बन्धमा हाललाई विमानस्थालको दक्षिण तर्फ खाली स्थानमा व्यवस्थापन गर्न नागरिक उड्डयान कार्यालय, रामेछापसँग छलफल गरी सोही अनुरुप नागरिक उड्डयान प्राधिकरणसँग राय माग्ने कार्य भएको छ ।



# प्रमुख जिल्ला अधिकारी नेतृत्वमा उमाकुण्ड गाउँपालिकाको अनुगमन



उमाकुण्ड गाउँपालिकामा कार्यक्रम



प्रहरी चौकी बाम्ती



उमाकुण्ड, प्रितिमा रहेको क्वारेन्टिन



इलाका प्रशासन कार्यालय, लाप्चाने




लिखु-२, पावर हाउस



लिखु-ए ड्याम साइट

रामेछाप जिल्लाको दुर्गम ठाउँमा अवस्थित उमाकुण्ड गाउँपालिकामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा DCCMC, राजनीतिक दल तथा पत्रकारहरु सहितकाका टोलिहरुले **मिति २०७७/०५/२७, २८ र २९ गते** अनुगमन गरिएको छ उक्त टोलिले पालिकाको विभिन्न स्थानमा भएको आइसोलेसन तथा क्वारेन्टाईनको अनुगमन गरिएको छ । टोलिले पालिकामा स्वास्थ्यका मापदण्ड, कोभिड-१९ सँग सम्बन्धित विषयमा वडा अध्यक्ष, पालिकाका कर्मचारी, स्वास्थ्यकर्मी तथा स्थानीय बासी सँग अन्तक्रिया गरिएको थियो । उक्त पालिकामा रहेका लिखु-ए, लिखु-१ र लिखु-२ आयोजनाको अनुगमन गरी आयोजनाहरुमा कामदारको अवस्था, स्वास्थ्य मापदण्ड पालना भए नभएको र आयोजनाका कामदारको लागि बनाईएको आईसोलेसन आईस्वलेसन तथा क्वारेन्टाईनको निरिक्षण गरी, स्वास्थ्य सुरक्षाका मापडण्ड पालना गर्न/ गराउन आयोजना संचालनमा आएका विवादको स्थानीय तहसँग समन्वय गरी समाधान गर्न निर्देशन भएको छ। साथै बाम्ती,प्रीति लगायत प्रहरी चौकीको निरीक्षण गरी निर्देशन भएको छ ।


कोभिड-१९ : शव व्यवस्थापनमा संलग्न व्यक्तिहरुले अपनाउनु पर्ने मापदण्ड
कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शवको व्यवस्थापन गर्ने क्रममा संलग्न व्यक्तिहरुले पालना गर्नुपर्ने मापदण्डहरु :
पूर्वतयारी
शव व्यवस्थापनमा संलग्न व्यक्तिहरुले गर्नुपर्ने पूर्वतयारी : व्यक्तिगत स्वास्थ्य, व्यक्तिगत सुरक्षाका सामग्रीहरु, संक्रमण रोकथाम तथा नियन्त्रण र शव व्यवस्थापन सम्बन्धी विशेष तालिम प्राप्त गरेको हुनुपर्दछ ।
व्यक्तिगत सुरक्षा सामग्रीको व्यवस्था : पन्जा, जुत्ता कभर/गमबुट, सर्जिकल/एन ९५ मास्क, चस्मा/फेस सिल्ड, पानी नछिर्ने एप्रोन, पूरा बाहुला भएको गाउन/कभरअल (Coverall)
बन्दोबस्तीका सामग्री : बडी ब्याग/६ मिटर प्लाष्टिक, बडी ट्याग र टाइ, ७०% भन्दा बढि अल्कोहलको मात्रा भएको सेनिटाइजर, ०.५% सोडिएम हाइपोक्लोराइट/ब्लिच पाउडर
व्यक्तिगत सुरक्षा सामग्री लगाउने तरिका
१ २० सेकेण्ड साबुन पानीले मिचिमिचि हात धुने
२ भित्री पन्जा लगाउने
३ गाउन/कभरअल
४ पानी नछिर्ने एप्रोन
५ जुत्ता कभर/गमबुट
६ सेनिटाइजर वा साबुन पानीले मिचिमिचि हात धुने
७ सर्जिकल/एन ९५ मास्क
८ चस्मा/फेस सिल्ड
९ बाहिरी पन्जा लगाउने
परिवारलाई मृत्यु सम्बन्धी जानकारी
कोभिड-१९ को कारण मृत्यु भएका व्यक्तिको शव परम्परा अनुसार स्थानीय निकायले तोकेको स्थानमा नै विशेष सावधानी अपनाई अन्त्येष्टि गर्ने बारेमा जानकारी दिनु आवश्यक छ ।
शव वाहन
१. श्रद्धान्जली अर्पण गर्नु पर्दछ ।
२. शव व्यवस्थापन गर्ने व्यक्तिहरुले व्यक्तिगत सुरक्षाका सामग्रीको प्रयोग बारे जानकारी गराउनु पर्दछ ।
३. मृत शरीरसँग सिधै सम्पर्कमा आउने क्रियाकलापहरुः मुसार्ने, अङ्गालो हाल्ने, चुम्बन गर्ने जस्ता कार्यहरु गर्नु हुँदैन भन्ने जानकारी गराउनु पर्दछ ।
१ मिटर
४. अन्तिम पटक परिवारले मृतकको अनुहार हेर्न चाहेमा र आफ्नो संस्कार अनुसारको कार्य गर्न चाहेमा २ मिटर टाढै बाट गर्नु पर्दछ ।
५. मृतकका व्यक्तिगत सामग्रीहरु परिवारले राख्न चाहेमा तातो पानी र साबुनमा भिजाएर धुने र घाममा सुकाएर पुनः प्रयोग गर्न सकिन्छ भन्ने जानकारी गराउनु पर्दछ ।
६. शवको नाक, कान, मुखबाट तरल पदार्थ चुहावट रोक्नको लागि कपास/कटनलाई ०.५% सोडिएम हाइपोक्लोराइटमा भिजाई बन्द गर्नु पर्दछ ।
७. शवलाई अन्य अवस्थामा जस्तै टाउको, अनुहार लगायतका सबै भागहरु सेतो कपडा वा तन्नाले बेर्नु पर्दछ । यदि शरीरबाट कुनै तरल पदार्थ चुहिएको छ भने बडी ब्यागमा राख्ने वा पानी नछिर्ने प्लाष्टिकले बेर्नु पर्दछ ।
८. परिवारलाई अस्पतालबाट मृत्युको प्रमाण पत्र उपलब्ध गराउनु पर्दछ ।
९. शवलाई घरबाट अस्पताल लैजाने कार्यमा उपलब्ध भएमा शव वाहन अथवा यस कार्यलाई छुट्याइएको वाहनको प्रयोग गर्नु पर्दछ ।
१०. यदि कुनै कारणबस अन्त्येष्टि कार्यमा ढिलाई भएको खण्डमा शवलाई अस्पतालको शव गृहमा राख्नु पर्दछ ।
HOSPITAL
शव वाहन
११. शवलाई बडी ब्याग/प्लाष्टिकमा राखी अन्त्येष्टि गर्ने स्थानमा लैजानु पर्दछ । मृतकको धर्म परम्परा अनुसार शवको सम्मान गर्दै निजको आफन्तहरुलाई समेत सुरक्षित राखी जुन ठाउँमा मृत्यु भएको हो सोही ठाउँको स्थानीय निकायको समन्वयमा तोकिएको स्थानमा अन्त्येष्टि गर्नु पर्दछ ।
विद्युतीय शव दहन गृह
मृतकको धर्म परम्परा अनुसार जलाउने भएमा न्यूनतम नातेदारको संलग्नतामा स्थानीय निकायले तोकेको स्थानमा अन्त्येष्टि गर्नु पर्दछ ।
मृतकको धर्म परम्परा अनुसार गाड्नु परेमा स्थानीय निकायले तोकेको स्थानमा सकेसम्म समुदायभन्दा ५०० मिटर टाढा, पानीको मुहानभन्दा २००-२५० मिटर टाढा र ६ फिट गहिरो खाल्डो खनी गाड्नु पर्दछ ।
१२. अन्तिम संस्कारमा उपस्थित हुनेहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको नियम अनुसार नियमित हात धुने, पन्जा, मास्क लगाउने र भौतिक दुरी २ मिटर कायम गर्नु पर्दछ ।
शव सङ्कलन
१. मृतक व्यक्तिको पहिचान आफन्तबाट गराउने, शव पहिचानको लागि ट्याग राख्ने जसमा नाम, जन्म मिति, मृतकको परिवारको सम्पर्क विवरण लेख्नु पर्दछ ।
२. यदि बेवारिसे शव भएमा, प्रहरीलाई खबर गर्ने र मुचुल्का तयार पर्नु पर्दछ ।
३. मृत्यु भएको स्थानमा नै शवलाई तन्ना/सेतो कपडाले बेर्ने र त्यसलाई बडी ब्याग/प्लाष्टिकमा राख्ने, बेर्दा कपडा सहित बेर्ने (ओछ्याउने तथा ओढ्नेलाई टकटक्याउन मिल्दैन) । शवबाट तरल पदार्थ बगेको छ वा छैन पक्का गर्ने । बाहिरी सतहलाई ०.५% सोडिएम हाइपोक्लोराइट/ब्लिच पाउडरले निर्मलीकरण गर्नु पर्दछ ।
४. शवमा पहिचानका लागि बडी ब्यागमा ट्याग लगाउनु पर्दछ । जसमा नाम (युनिक कोड नम्बर), जन्म मिति र परिवारको सम्पर्क विवरण राख्नु पर्दछ ।
ओसारपसार
१. शव वाहन वा स्थानीय स्तरमा उपलब्ध सवारी/खटमा राखी अन्त्येष्टि गर्न लैजानु पर्दछ, तर शव बोक्नका लागि एम्बुलेन्सको प्रयोग गर्नु हुँदैन ।
२. स्थानीय निकायले तोकेको स्थानमा घर वा अस्पतालबाट अन्त्येष्टि गर्ने स्थानमा लैजानु पर्दछ । शव व्यवस्थापनको काम सकिएपछि शव वाहनलाई अनिवार्य रुपमा निर्मलीकरण गर्नु पर्दछ ।
व्यक्तिगत सुरक्षा सामग्रीको फुकाल्ने तरिका
१ २० सेकेण्ड साबुन पानीले मिचिमिचि हात धुने
२ जुत्ता कभर/गमबुट
३ बहिरी पन्जा
४ चस्मा/फेस सिल्ड
५ पानी नछिर्ने एप्रोन
६ गाउन/कभरअल
७ भित्री पन्जा
८ सर्जिकल/एन ९५ मास्क
हरेक सामग्री फुकाले पछि सेनिटाइजर वा साबुन पानीले मिचिमिची हात धुने
व्यक्तिगत सुरक्षा सामग्री PPE लाई व्यवस्थित तरिकाले विसर्जन गर्ने
पुनः प्रयोग गर्न मिल्ने सामग्री तथा जुत्तालाई निर्मलीकरण गर्ने
शव व्यवस्थापन गरी सकेपछि नुहाउनु पर्दछ
संलग्न व्यक्तिहरुको स्वास्थ्य
शव व्यवस्थापनमा संलग्न हुनु अगाडि र संलग्न भइसकेपछि आफूमा कोभिड-१९ को लक्षण छ वा छैन भनी निक्र्यौल गर्नु पर्दछ ।
अन्त्येष्टिमा सहभागी भएका परिवारका सदस्यहरु वा नातेदारहरु अनिवार्य रुपमा १४ दिन होम क्वारेन्टाइनमा बस्नु पर्दछ । यदि कोभिड-१९ सँग मिल्दाजुल्दा लक्षण देखापरेमा कोभिड-१९ को प्रयोगशाला परीक्षण गर्नु पर्दछ ।
नोट
मृत्यु पश्चात् कोभिड-१९ को प्रयोगशाला परीक्षण सम्बन्धी:
उपचारका क्रममा, आइसोलेसन, क्वारेन्टाइन वा घरमा रहदा कोभिड-१९ सँग मिल्दाजुल्दा लक्षण भई मृत्यु हुने व्यक्तिहरुको मृत्युको कारण कोभिड-१९ हो वा होइन भन्ने पत्ता लगाउनु पर्दछ । जसका लागि मृतकको स्वाब सङ्कलन गरी आर टि-पिसिआर परीक्षण गर्नु पर्दछ । परीक्षण पश्चात् नतिजा नपर्खिकनै सावधानीपूर्वक आ-आफ्नो परम्परा अनुसार मृतकको सद्गत गर्नु पर्दछ ।
नेपाल रेडक्रस सोसाइटी
ICRC






# मास्क लगाऔं। जीवन बचाऔं।

## मास्क लगाउनुहोस्

## साबुन पानीले आफ्ना हात धुनुहोस्

## सुरक्षित दूरीमा रहनुहोस्

# जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को विभिन्न संरचना/सम्पर्क

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापका पदाधिकारीहरुको नाम तथा सम्पर्क नम्बर

| नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|
| श्री रुद्रादेवी शर्मा | प्र.जि.अ. | ९८५४०५७७७७ |
| श्री विवष अर्याल | जि.स.अ. | ९८५४०४०१०७ |
| श्री वेदप्रसाद अर्याल | स.प्र.जि.अ. | ९८५११७३४२६ |
| श्री विष्णु प्रसाद सापकोटा | प्रमुख सेनानी | ९८५११३६७८० |
| श्री बसन्त पाठक | प्र.ना.उ. | ९८५४०५५५५५ |
| श्री केशव राज प्याकुरेल | प्र.ना.उ. | ९८५१२०७९०७ |
| श्री सुबास कार्की | प्र.अ.अ. | ९८४१९०८०९६ |
| श्री विद्या खनाल | स्वास्थ्य प्रमुख | ९८५४०४४३५५ |
| डा. रोशन ग्वाछा | चिकित्सक | ९८५४०२३१४४ |

## जिल्ला स्तरीय निर्देशक समिति गठन

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| प्रमुख/अध्यक्ष, नगरपालिका/गाउँपालिका | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| प्रमुख सेनानी, नयाँ गोरख गण | सदस्य |
| प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य |
| स.प्र.ना.उ., स.प्र.ब. नेपाल | सदस्य |
| प्र.अ.अ., रा.अ.जि.का. | सदस्य |
| कार्यालय प्रमुख, स्वास्थ्य कार्यालय | सदस्य |
| डा. आनन्द प्र. आचार्य, जिल्ला अस्पताल | सदस्य |

## सल्लाकार समूह

- प्रतिनिधि सभा सदस्य, माननीय सांसद श्री श्यामकुमार श्रेष्ठ
- प्रदेश सभा सदस्य एवं आर्थिक मामीला तथा योजना मन्त्री, माननीय सांसद श्री कैलाश प्रसाद ढुंगेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री शान्ति प्रसाद पौडेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री रिता माझी

## कोभिड-१९ सम्बन्धी रोकथाम तथा उपचारको लागि जिल्ला एवं स्थानीय तहहरुको स्वास्थ्य संयोजकहरुको सम्पर्क नम्बर

| कार्यालय | संयोजकको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| स्वास्थ्य कार्यालय | श्री विद्या खनाल | ९८५४०४४३५५ |
| जिल्ला अस्पताल | डा. रोशन ग्वाछा | ९८५४०२३१४४ |
| मन्थली नपा | श्री केशव फुयाल | ९८५४०४०३४७ |
| रामेछाप नपा | श्री विष्णु कार्की | ९८५४०४३४०१ |
| लिखु तामाकोशी गापा | श्री जयप्रकाश राय | ९८४४२०१०६२ |
| सुनापति गापा | श्री प्रवल योञ्जन | ९८५११८७०८३ |
| उमाकुण्ड गापा | श्री दिपेन्द्र पैकारा | ९८५४०४००६५ |
| गोकुलगंगा गापा | श्री जागीर राय | ९८४९८५०३१५ |
| दोरम्बा गापा | श्री कमल भट्टराई | ९८४१२०८१७३ |
| खाँडादेवी गापा | श्री ओम प्रकाश श्रेष्ठ | ९८४४१४२०७५ |

## स्थानीय तहहरुको प्रमुख/अध्यक्षहरुको नामावली एवं सम्पर्क नम्बरहरु

| नपा/गापा | पद | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| मन्थली न.पा. | प्रमुख | श्री रमेशकुमार बस्नेत | ९८५१०४८४५८ |
| रामेछाप न.पा. | प्रमुख | श्री नरबहादुर थापा मगर | ९८५१११३८०२ |
| उमाकुण्ड गा.पा. | अध्यक्ष | श्री शेर ब. सुनुवार | ९८४३०८१८५१ |
| खाँडादेवी गा.पा | अध्यक्ष | श्री प्रेम ब. तामाङ | ९८५४०४०१६८ |
| गोकुलगंगा गा.पा. | अध्यक्ष | श्री खड्क सुनुवार | ९८५११७१३२५ |
| लिखुतामाकोशी गा.पा. | अध्यक्ष | श्री गोबिन्दबहादुर खड्का | ९८५१०९७७३९ |
| दोरम्बा गा.पा. | अध्यक्ष | श्री कमान सिंह तामाङ | ९८५४०४३९६९ |
| सुनापति गा.पा. | अध्यक्ष | श्री धावा लामा | ९८५४०४००४० |

# २०७७ साल भाद्र मसान्त सम्म भारत लगायत तेस्रो मुलुकबाट नेपाल आई क्वारेन्टिनमा रहेको व्यक्तिहरुको विवरण

| सि. न. | देश/मुलुक | मन्थली नगरपालिका | | रामेछाप नगरपालिका | | उमाकुण्ड गाउँपालिका | | खाँडादेवी गाउँपालिका | | गोकुलगंगा गाउँपालिका | | लिखु तामाकोशि गाउँपालिका | | दोरम्बा गाउँपालिका | | सुनापति गाउँपालिका | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | जम्मा |
| १. | दुबई | ० | १० | ३ | ७ | ० | २ | १ | ३ | ० | ५ | ० | ३ | ० | ७ | २ | ८ | ६ | ४५ | ५१ |
| २. | ओमन | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | १ | ४ | ५ |
| ३. | कतार | ० | ७ | ० | ३ | ० | १ | १ | ४ | ० | ० | ० | १ | ० | २ | ० | ० | १ | १८ | १९ |
| ४. | बहराईन | १ | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ३ |
| ५. | मलेशिया | ० | २ | ० | ४ | ० | ० | ० | ३ | ० | ३ | २ | ६ | ० | ० | २ | ८ | ४ | २६ | ३० |
| ६. | माल्दिभ्स | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ७. | कुबेत | २ | ९ | ० | ६ | ० | ० | १ | ० | ० | ० | ० | ४ | ० | २ | ० | १ | ३ | २२ | २५ |
| ८. | साउदी | ० | ८ | ० | ८ | ० | ० | ० | ६ | ० | ४ | ० | २ | ० | १ | ० | १ | ० | ३० | ३० |
| ९. | भारत | ६ | १३७ | १ | ६६ | १ | ५ | ५ | ४४ | १० | ६० | ८ | ७३ | १ | ९ | १ | ४ | ३३ | ३९८ | ४३१ |
| १०. | नेपाल | ० | ० | ५ | १३ | ४२ | १९ | १ | २ | ० | ४ | ० | २ | ० | ० | ० | ३ | ४८ | ४३ | ९१ |
| ११. | जोर्डन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ |
| १२. | थाईल्याण्ड | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | २ |
| १३. | चिन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ |
| १४. | बंगलादेश | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | २ |
| १५. | ईजराईल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ |
| १६. | डेन मार्क | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ३ |
| १७. | कोरिया | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | १ | १ |
| जम्मा | | ९ | १७६ | १२ | ११० | ४३ | २७ | १० | ६२ | १० | ७७ | १० | ९२ | १ | २१ | ६ | ३१ | १०१ | ५९६ | ६९७ |

- हाल सम्म करेन्टाईनमा रहेको संख्या ६९२ जना
- हाल सम्म होम करेन्टाईनमा रहेको संख्या १३१ जना
- जम्मा संख्या ५९२ जना

**टोल फ्रि नं. १६६०४८५४११४**

स्वास्थ्य कार्यालय, रामेछाप

## कोभिड-१९ को सम्बन्धि विवरण

| क्र. स. | स्थानीय तह/ अस्पताल | क्वारेन्टिन वेड संख्या | क्वारेन्टिनमा रहेका व्यक्तिको संख्या | | | क्वारेन्टिनबाट फिर्ता भएको संख्या | आइसोलेसन वेड संख्या | Report Positive आएको | निको भएका | स्वाव संकलन संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | | | |
| १ | जिल्ला अस्पताल रामेछाप | ० | ० | ० | ० | ० | १८ | ० | | ८२ |
| २ | तामाकोशी अस्पताल | ० | ० | ० | ० | ० | १४ | ० | | ६१ |
| ३ | रामेछाप सामुदायिक अस्पताल | ० | ० | ० | ० | ० | ४ | ० | | ० |
| ४ | मन्थली नगरपालिका | ११९ | ९ | १७६ | १८५ | १८३ | ३८ | २७ | ९ | ४०३ |
| ५ | रामेछाप नगरपालिका | ९० | ११ | १०८ | ११९ | ११५ | १५ | ४ | ४ | १५१ |
| ६ | उमाकुण्ड गाउँपालिका | ५८ | ४३ | २७ | ७० | ६५ | ० | ० | ० | १३४ |
| ७ | खाँडादेवी गाउँपालिका | १२ | १० | ६१ | ७१ | ७१ | ७ | ० | ० | ६५ |
| ८ | गोकुलगंगा गाउँपालिका | ४९ | १० | ७७ | ८७ | ६८ | ५ | ११ | ११ | २०१ |
| ९ | दोरम्बा गाउँपालिका | ३१ | १ | २१ | २२ | २२ | ५ | १ | १ | ४० |
| १० | लिखु तामाकोशी गा.पा. | १०५ | १० | ९१ | १०१ | ९३ | ६ | १० | १० | १३१ |
| ११ | सुनापती गाउँपालिका | २६ | ६ | ३१ | ३७ | ३७ | ४ | २ | २ | ६१ |
| जम्मा | | ४९० | १०० | ५९२ | ६९२ | ६५४ | ९८ | ५५ | ३७ | १३२९ |

⇨ RDT परीक्षण गरिएको संख्या:- ८९२ जना (महिला १८० पुरुष ७१२) श्रोत: स्वास्थ्य कार्यालय

⇨ स्वाव परीक्षण प्रतिवेदन आउन बाँकी :-० जना ⇨ स्वाव परीक्षण Report Positive आएको:-५५ जना

⇨आइसोलेसनमा रहेका:- ० जना ⇨ स्वाव परीक्षण Report Negative आएको:-१२७४ जना

## जिल्लामा तयारी अवस्थामा रहेका एम्बुलेन्स विवरण

| स्थानीय तह | एम्बुलेन्स नं. | सम्पर्क नं. | निकाय |
|---|---|---|---|
| रामेछाप नगपालिका | बा. २ झ १७५२ | ९७४४०१६३४० | श्री जिल्ला अस्पताल रामेछाप |
| | बा. ११ च. ९८९९ | ९८४१४७०७१९ | श्री गोठगाउँ स्वास्थ्य चौकी |
| | बा. १९ च. ३९२४ | ९८६१९९३६५१ | श्री साँघुटार स्वास्थ्य चौकी |
| | बा. २ झ ४४२२ | ९८४०६०८२५८ | श्री रामेछाप नगरपालिका |
| मन्थली नगपालिका | बा. १० च. ४४४२ | ९८५४०४०१२८ | श्री रेडक्रस सोसाईटी मन्थली |
| | बा. १३ च. ५४८८ | ९८४४२४२१३६ | श्री तामाकोसी अस्पताल |
| | प्रदेश-३-०१-०२३ च ०४०२ | ९८६०६९८४७४ | श्री मन्थली नगरपालिका |
| | बा. १९ च. ३९१९ | ९८६९४१७१२६ | श्री गेलु चनखु संचालक समिति |
| | बा. २ झ ४४६२ | ९८६१३७७२३२ | श्री गेलु प्राथमिक स्वास्थ्य केन्द्र |
| | प्रदेश-३-०१-००२ झ ४९४४ | ९८४१७५२०५५ | फुलासी स्वास्थ्य चौकी |
| | बा. १९ च.३९२३ | ९८४४१४१६२९ | श्री दोरम्बा डडुवा फुलासी एम्बुलेन्स संचालक समिति |
| खाँडादेवी गाउँपालिका | प्रदेश-३-००२-५०३८ | ९८६३५२६८१९ | खाँडादेवी विकास कोष |
| गोकुलगंगा गाउँपालिका | बा १९ च २८३ | ९८४८९३४५५० | चुचुरे स्वास्थ्य चौकी |
| | बा. २ झ १०५७ | ९८६०५४९४२७ | श्री बेताली स्वास्थ्य चौकी |
| उमाकुण्ड गाउँपालिका | ज. १ झ. ४१२ | ९८६४३३४०७७ | श्री गुम्देल स्वास्थ चौकी |
| | ज. १ च. १६६९ | ९८४५१६६७१२ | श्री बाम्ती स्वास्थ्य चौकी |
| | ज. १ झ ४१४ | ९८१३८६२८३० | प्रिति स्वास्थ्य चौकी |
| | बा. १९ च ३९२० | ९८४६७७१०६४ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| लिखु तामाकोसी गाउँपालिका | बा. १० च ४४४४ | ९८६०१५८३०९ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| | बा. २ झ ४०१६ | ९८४८८५७७९४<br>९८४३४९१४३३ | श्री लिखु तामाकोसी गाउँपालिका |
| | बा. २ झ ४०१५ | ९८६०७१९१३७<br>९८६११८६९७९ | |

## COVID-19 Friendly एम्बुलेन्स

| निकाय | एम्बुलेन्स नं. | चालकको सम्पर्क नं. |
|---|---|---|
| जिल्ला अस्पताल | बा २ झ १७५२ | ९७४४०१६३४० |
| नेपाल रेडक्रस सोसाईटी | बा १० च ४४४२ | ९८६४००७२८० |
| मन्थली न.पा. (प्रा. स्वास्थ्य केन्द्र गेलू) | बा २ झ ४४६२ | ९८६१३७७२३२ |
| रामेछाप नगरपालिका | बा १२ च ५५५५ | ९८६०४४११२५ |
| रामेछाप नगरपालिका | ज १ च १०५१ | ९७४४०५९७९४ |
| सुनापति गा.पा (स्वास्थ्य चौकी) | बा २ झ ६७६ | ९८१३५३६९७७ |
| खाँडादेवी गाउँपालिका | बा १९ च ३९२२ | ९८४९७५६७४९ |
| उमाकुण्ड गाउँपालिका (गुम्देल स्वास्थ्य चौकी) | ज १ झ ४१२ | ९८६४३३४०७७ |
| दोरम्बा गाउँपालिका | बा २ झ ४२७५ | ९८४९४४१९८२ |
| गोकुलगंगा गाउँपालिका (रस्नालु स्वास्थ्य चौकी) | ज १ झ ४१३ | ९८६३९१३८८७ |
| लिखु तामाकोसी गाउँपालिका | बा २ झ ४०१५ | ९८६११८६९७९ |

## जिल्लास्तरीय Rapid Response Team (RRT)


| | |
|---|---|
| स्वास्थ्य प्रमुख श्री विद्या खनाल, स्वास्थ्य कार्यालय | संयोजक |
| चिकित्सक डा. रोशन ग्वाछो, जिल्ला अस्पताल | सदस्य |
| प.हे.न., श्री धन बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| खो.अ., श्री रामकृष्ण बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| उपसभापति, श्री रामविष्णु बस्नेत, नेपाल रेडक्रस सोसाइटी | सदस्य |
| स्वास्थ्य संयोजक श्री विष्णु बहादुर कार्की, रामेछाप नपा | सदस्य |
| सि.अ.हे.व.अ., श्री दिपेन्द्र नारायण श्रेष्ठ, रामेछाप अस्पताल | सदस्य |
| अ.न.मि. श्री ममता थापा, रामेछाप अस्पताल | सदस्य |
| ल्या.टे. श्री राजेश प्रसाद पाल, स्वास्थ्य कार्यालय | सदस्य-सचिव |

## आ.व. २०७७/७८ भाद्र महिनामा यस कार्यालय बाट प्रदान गरिएका सेवाहरु

| क्र.सं. | विवरण | परिणाम |
|---|---|---|
| १ | नेपाली नागरिकता प्रमाणपत्र नयाँ | २६ |
| | प्रतिलिपी | ३२ |
| २ | नावालक परिचय पत्र | - |
| ३ | राहदानी द्रुत सिफारिस | ५ |
| | कार्यालयबाट सिफारिस | - |
| ४ | सिफारिस तथा प्रमाणित, | - |
| ५ | बजार अनुगमन | १ |
| | कार्यालय अनुगमन | १ |
| ६ | संस्था दर्ता | ३ |
| ७ | मुद्दा दर्ता | ५ |
| | फैसला | ६ |
| ८ | ठाडो उजुरी दर्ता | ५ |
| | ठाडो उजुरी फछ्यौंट | ३ |
| ९ | जिल्ला सुरक्षा समिति बैठक | २ |
| १० | जिल्ला विपद् व्यवस्थापन बैठक | १ |
| ११ | कोभिड सम्बन्धि बैठक (DCCMC) | ३ |
| १२ | विपद् पीडित राहत वितरण | १,८९,०००/- |
| १४ | राजस्व संकलन | १५,०५०/- |

### कोरोना भाइरस (कोभिद-१९) - कसरी आफु र अरुलाई बचाउने?

#### कोरोनाभाइरसका मुख्य लक्षणहरु क हुन्?



ज्वरो आउने



**नयाँ, लगातार खोकी** (एक घण्टा भन्दा धेरैको लागि खोक्नु वा २४ घण्टामा ३ चोटी भन्दा बढी खोकी लाग्नु। यदि तपाईंलाई सामान्यतया खोकी छ भने, यो सामान्य भन्दा खराब हुन सक्छ)

#### कोरोनाभाइरसको लक्षण छ भने आफ्नो घरमै बस्नुस

- **अरूलाई बचाउन जीपी सर्जरी, फार्मेसी वा अस्पताल जस्ता ठाउँहरूमा नजाउनुहोस्**
- **घरमै बस्नु होस्**

तपाईलाई घरमा बस्दा बिरामी भएर गारो भयो वा तपाईंको अवस्था झन् खराब हुँदै जान्छ भने -

- **१११ मा फोन गरेर (एन एच एस ) कोरोनाभाइरस सेवा प्रयोग गरी पत्ता लगाउनुहोस् र स्वास्थ्य सल्लाह लिनुहोस् ।**

#### कोरोना भाइरस फैलिनबाट रोक्न के गर्नु पर्छ?

- यदि तपाईंमा (कोभिद-१९) कोरोनाभाइरसका लक्षणहरू छन् भने वा यदि तपाई कसैसँग बस्नुहुन्छ जसमा कोरोनाभाइरसका लक्षणहरू छन् भने आफ्नो घरमै बस्नुस ।

**यसलाई (सेल्फ-एसोलेशन ) अर्थात् अरु बाट टाडा र छुट्टै बस्ने भनिन्छ सेल्फ-एसोलेशन मा बस्दा तपाईले गर्नु पर्ने कुरा हरु -**

- एकदमै जरुरी र आपत नपरे सम्म कतै पनि यात्रा नगर्नु होस।
- दिनको एक चोटि व्यायाम बाहेक कुनै कारणले तपाईको घर बाहिर नजानु होस। बाहिर गएमा अन्य व्यक्तिबाट कम्तिमा २ मिटर टाढा बस्नुहोस्।
- खाना किन्न वा औषधि संकलन गर्न बाहिर नजानुहोस् - मिल्छ भने फोन वा अनलाइन मार्फत अर्डर गर्नुहोस् वा कसैलाई तपाईंको घरमा पठाउन भन्नुहोस्।
- तपाईंको घरमा पाहुनाहरू, जस्तै साथीहरू र परिवार नबोलौनु होस्
- सके सम्म घरको छुट्टै कोठामा बस्नुस, अन्य सदस्य भन्दा अलग्गै बस्नुस, मिले सम्म छुट्टै बाथरूम/शौचालय प्रयोग गर्नुस। तौलि, ओछ्यान आदि साझा नगर्नुहोस्।

## सामाजिक दूरी कायम गरौं,

## कोरोनाबाट सुरक्षित रहौं

**खाद्यबस्तु, तरकारी आदी खरिद तथा बिक्रीमा संलग्न हुंदा निश्चित दूरी कायम राखी व्यवहार गर्नहुन सबैमा हार्दिक अनुरोध छ।**

# मिति २०७७ भाद्र २५ गते DCCMC बैंठक बाट भएका निर्णयहरु

मिति २०७७ भाद्र २५ गते विहिबारका दिन प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला स्तरीय संकट व्यवस्थापन समिति (DCCMC) रामेछापको बैठक बसी कोभिड-१९ को संक्रमणको दर बढ्दै गएकोले नेपाल सरकारको निर्णय, जनस्वास्थ्य तथा सुरक्षा मापदण्डको आधारमा देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

सल्लाहाकार

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | माननीय श्री शान्तिप्रसाद पौडेल | प्रदेश सांसद | बागमती प्रदेश | |
| २. | श्री प्रेम बहादुर खड्का | प्रमुख | जिल्ला समन्वय समिति | |
| ३. | श्री रमेश कुमार बस्नेत | नगर प्रमुख | मन्थली नगरपालिका | |
| ४. | श्री नरबहादुर थापामगर | नगर प्रमुख | रामेछाप नगरपालिका | |

उपस्थित

जिल्ला स्तरीय Crisis Management Center का पदाधिकारी

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रुद्रादेवी शर्मा | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री वेदप्रसाद अर्याल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | |
| ३. | श्री विष्णुप्रसाद सापकोटा | प्रमुख सेनानी | नयाँ गोरख गण | |
| ४. | श्री बसन्त पाठक | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ५. | श्री केशवराज प्याकुरेल | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| ६. | श्री सुबास कार्की | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ७. | श्री रोशन ग्वाछा | नि.मे.सु. | जिल्ला अस्पताल | |
| ८. | श्री जितेन्द्रबहादुर कर्ण | प्रमुख | स्वास्थ्य कार्यालय | |

आमन्त्रित

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री आनन्द श्रेष्ठ | कार्यालय सदस्य | नेकपा | |
| २. | श्री लेख बहादुर कार्की | सचिव | नेपाली काँग्रेस | |
| ३. | श्री नारायणदास श्रेष्ठ | वडा अध्यक्ष | मन्थली न.पा.-१ | |
| ४. | श्री रमेश ढुंगेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ | |
| ५. | श्री शिव कुमार कार्की | सभापति | नेपाल रेडक्स सोसाइटी | |
| ६. | श्री केशवप्रसाद घिमिरे | अध्यक्ष | रामेछाप उद्योग बाणिज्य संघ | |
| ७. | [illegible] | [illegible] | [illegible] | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| | | | | |

मिति २०७७ भाद्र २५ गते विहिबारका दिन प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकबाट यस जिल्लामा मिति २०७७/०५/०४ देखि लगाईएको निषेधाज्ञा २०७७/०५/२५ गते राती १२:०० देखि समाप्त हुने हुँदा नागरिकको जनजीवनलाई सरलीकरण गर्न आवश्यक भएकोले २०७७/०५/२५ गते देखि राती १२:०० बजे देखि स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गर्ने गरी अर्को निर्णय नभएसम्म निम्नानुसारको व्यवस्था गरी विभिन्न सेवा तथा कार्यहरु सञ्चालन गर्न दिने निर्णय गरियो ।

१. <u>सञ्चालन गर्न पाइने</u>

१.१. अत्यावश्यक सेवा अन्तर्गतका औषधी पसल र स्वास्थ्य सामग्री विक्री गर्ने पसलहरु नियमित सञ्चालन गर्ने।

१.२. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूरा गरेर खाद्य बस्तु, दुध, तरकारी, फलफूल, माछामासु, स्टेशनरी, इलोक्ट्रोनिक अन्य पसलहरु दिउँसो ४:०० बजे सम्म मात्र सञ्चालन गर्ने

१.३. स्वास्थ्यको मापदण्ड पालना गरी टक अवे सेवा साथै अनलाइन डेलिभरी सेवा सञ्चालन गर्ने ।

१.४. अत्यावश्यक सेवा र मालवाहक सवारी साधन बाहेकका जिल्ला भित्र सञ्चालन हुने पालिका देखि सदरमुकामसम्म मात्र यात्रु वहाक सवारी साधन सञ्चालन गर्ने । सार्वजनिक सवारी साधन सञ्चालन गर्दा सिट क्षमताको ५०% भन्दा बढी नहुने गरी यात्रु राख्ने यात्रु बिच भौतिक दूरी कायम गराउने, चालक र सह-चालकले अनिवार्य मास्कको प्रयोग गर्ने, ढोकामा स्यानीटाइजरको व्यवस्था गर्ने र दैनिक रुपमा साधनलाई निसंक्रमित गर्नु पर्नेछ । सवारी साधन विहान ५:०० बजे देखि साँझ ६ बजे सम्म मात्र सञ्चालन गर्ने, जिल्ला भित्र रहेका साधनलाई मात्र सञ्चालन गर्ने ।

१.५. जनसम्पर्क बढी हुने कार्यालयले सकेसम्म Online, E-service, Token System र तोकिएको सेवाग्राहीको संख्याका आधारमा सेवाग्राहीको भिड नहुने गरी सेवा सञ्चालन गर्ने ।

१.६. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरी/गराई उद्योग व्यवसाय सञ्चालन गर्न ।

१.७. बैक वित्तीय संस्था/सहकारी कार्यालयहरुले नेपाल राष्ट्र बैंकले तोकेको वा न्यूनतम कर्मचारीबाट सेवा दिने व्यवस्था मिलाउने ।

१.८. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तोके अनुरुप Online कक्षा सञ्चालन गर्ने ।

२. <u>सञ्चालन गर्न नपाइने कार्यहरु</u>

२.१. हाटबजारमा पसल/व्यापार सञ्चालन गर्न ।

२.२. शैक्षिक संस्थाहरु तथा कक्षा सञ्चालन गर्न ।

२.३. कुनै पनि प्रकारको मेला, महोत्सव, गोष्ठी, सेमिनार, सामूहिक जमघट, सभा, जुलुस, मनोरञ्जनस्थल, सैलुइन, पार्लर, होटल, हेल्थ क्लब, खेलकुद कार्यहरु गर्न ।

२.४. अत्यावश्यक सेवा बाहेकका बैठक, तालिम सञ्चालन गर्न ।

२.५. दैनिक रुपमा घर परिवार भित्र हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट गर्न ।

२.६. यस जिल्लाको प्रवेश नाका सेलेघाट, खैरेनीघाट, लुभुघाट, नवलपुरघाट, खिम्ति, धारापानी, साँघुटार लगायत प्रवेश नाकाहरुबाट बेलुका ७:०० बजे देखि विहान ५:०० बजे सम्म पैदल आवात जावत गर्न ।

२.७. सहकारी, वित्तीय संघ/संस्थाहरुले समुदायमा गई बचत संकलन गर्न ।

२.८. मापदण्ड विपरीत आयोजनामा कामगर्ने कामदार ओसार पसार गर्न ।

३. कोभिड-१९ संक्रमित व्यक्तिको व्यवस्थापन र स्वाव पठाउनको लागि एम्बुलेन्सको अभाव हुन नदिन यस पूर्व सबै पालिकामा तोकिएका कोभिड-१९ मैत्री एम्बुलेन्सलाई यथावत नै सञ्चालन गर्ने व्यवस्था सम्बन्धित पालिकाले गर्ने ।

४. कोभिड-१९ को संक्रमित विरामीको व्यवस्थापनको लागि एम्बुलेन्सलाई Stand by राख्न आवश्यक भएकोले गेलु प्राथमिक स्वास्थ्य केन्द्रको बा २ झ ४४६२ नम्बरको एम्बुलेन्सलाई कोभिड-१९ को समय भरी सम्पूर्ण खर्च व्यवस्थापन मन्थली नगरपालिकाले गर्ने गरी नगरपालिकाकै हाता भित्र Stand by राख्ने र त्यसै गरी रामेछाप नगरपालिकाको बा १२ च ५५५५ नम्बरको एम्बुलेन्सलाई रामेछाप नगरपालिकाले सम्पूर्ण खर्च व्यवस्थापन गर्ने गरी Stand by राख्ने ।

५. कुनै पनि पेशा, व्यवसाय, सेवा सञ्चालन गर्दा जनस्वास्थ्य मापदण्ड र सुरक्षा मापदण्ड पालना गर्ने/गराउने, सम्बन्धित व्यक्ति, निकाय/संस्थाको कर्तव्य हुनेछ । निषेधित सेवा तथा कार्य सञ्चालन भएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

६. कोभिड-१९ को बढ्दो संक्रमण र असहज अवस्थामा आदेशको पूर्ण पालना गरी/गराई यसको रोकथाम र नियन्त्रणको लागि सहयोग प्रदान गर्नु हुने सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

# जिल्ला प्रशासन कार्यालय रामेछापबाट प्रकाशित सूचनाहरु

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्या :-

चलानी नं :-

(................................. फाँट

मितिः- २०७७/०५/०३

## जिल्ला प्रशासन कार्यालय रामेछापका प्रमुख जिल्ला अधिकारीबाट
## जारी आदेश

विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमण यस जिल्ला भित्र निरन्तर बढी रहेको र उच्च स्तरमा बढ्ने जोखिम रहेको छ । यस जिल्लामा सो रोगको रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउन जरुरी देखिएकोले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०५/०१ को निर्णय बमोजिम संक्रमण रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) बमोजिम मिति २०७७/०५/०४ गते राती १२:०० बजे देखि मिति २०७७/०५/१३ गते राती १२:०० बजेसम्म रामेछाप जिल्लाभर लागू हुने गरी देहाय बमोजिमका गतिविधिहरु गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिएको छ ।

**देहाय**

१. अत्यावश्यक सेवा (औषधी, खाद्यान्न, स्वास्थ्य, सुरक्षा, खानेपानी, दुध, तरकारी, फलफूल, विद्युत, सूचना तथा सञ्चार, फोहोर व्यवस्थापन) बाहेकका अन्य सबै प्रकारका उद्योग, व्यापार, व्यवसाय, सञ्चालन गर्न ।
२. औषधी, खाद्यान्न तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन ।
३. अत्यावश्यक कार्यमा मास्क विना घर बाहिर निस्कन ।
४. फुटपाथ/खुल्ला ठाउँ, ठेलागाडा/साइकल, हाटबजारमा पसल/व्यापार सञ्चालन गर्न ।
५. एम्बुलेन्स, बिरामी बोकेका गाडी, खाद्यवस्तु, तरकारी, दुध, खानेपानी, विद्युत, सञ्चार, पेट्रोलियम पदार्थ बोक्ने ट्याङ्कर, शव वहान, फोहोर व्यवस्थापन गर्ने गाडी, पशुपंक्षीका दाना बोक्ने गाडी, निर्माण सामाग्री, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, पशु स्वास्थ्यकर्मी, प्राविधिक तथा सुरक्षा निकायले प्रयोग गर्ने साधन र प्रशासनको अनुमति प्राप्त साधन बाहेक सबै सार्वजनिक, निजी सवारी साधन (मोटरसाइकल समेत) सञ्चालन गर्न ।
६. शैक्षिक संस्थाहरु, कुनै पनि प्रकारको मेला, महोत्सव, बैठक, समीक्षा, गोष्ठी, सेमिनार, सामूहिक जमघट, सभा, जुलुस, मनोरञ्जनस्थल, सैलुङ्ग, पार्लर, हेल्थ क्लब, खेलकुद कार्यहरु गर्न ।
७. दैनिक रुपमा घर परिवार भित्र हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट गर्न।
८. होटल, रेष्टुरेन्ट, भोजनालय सञ्चालन गर्न ।
९. यस जिल्लाको प्रवेश नाका सेलेघाट, खैरेनीघाट, लुभुघाट, नवलपुरघाट, खिम्ति, धारापानी, साँघुटार लगायत प्रवेश नाकाहरुबाट बेलुका ७:०० बजे देखि विहान ५:०० बजे सम्म पैदल आवात जावत गर्न ।
१०. सहकारी, वित्तीय संघ/संस्थाहरुले समुदायमा गई बचत संकलन गर्न ।
११. अत्यावश्यक सेवाका र मालवाहक ढुवानी साधन एवं जिल्लाको अनुमति विनाका सवारी साधन यस जिल्ला भित्र प्रवेश गर्न ।

**तर**

१२. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूरा गरेर उपभोग्य वस्तु विक्री गर्ने, औषधी, खाद्यान्न, फलफूल, तरकारी दुध लगायतका अत्यावश्यक सेवाका पसलहरु विहान ५:०० बजेबाट ९:०० बजे सम्म सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
१३. सबै सरकारी तथा सार्वजनिक कार्यालयहरु, बैंक तथा वित्तीय संस्थाहरुले न्यूनतम मात्रामा कर्मचारी उपस्थित गराई कार्यालय सञ्चालन गर्ने र सो बाहेकका अन्य कर्मचारीलाई सुरक्षित घरबाटै कार्यहरु गर्ने व्यवस्था कार्यालय प्रमुखले मिलाउने । सकेसम्म विद्युतीय माध्यमबाट सेवा प्रवाहको व्यवस्था मिलाउने ।
१४. बैंक वित्तीय संस्था/सहकारी कार्यालयहरु विहान ९:०० बजे देखि दिउँसो १:०० बजे सम्म मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

**साथै**

१५. अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मुल्यवृद्धि गर्ने, म्याद नाघेका सामान विक्रि वितरण गर्ने, आपूर्तिमा अवरोध गर्नेलाई प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।
१६. उल्लेखित आदेशको उलंघन गर्ने र पालना गर्न/गराउन अवरोध गर्नेहरु उपर प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।
१७. कोभिड-१९ को बढ्दो संक्रमण र असहज अवस्थामा आदेशको पूर्ण पालना गरी/गराई यसको रोकथाम र नियन्त्रणको लागि सहयोग प्रदान गर्नु हुने सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

Website:- daoramechhap.moha.gov.np, E-mail:- daoramechhap@gmail.com
"नागरिकमुखी प्रशासन, समृद्धि र सुशासन"

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप
(................................ फाँट

०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्या : २०७७/०७८
चलानी नं : ३५२

# गैर कानूनी र अमानवीय कार्य रोक्ने सम्बन्धि सूचना

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को कारण नेपालमा पनि संक्रमण पुष्टि हुने दर तथा मृत्यदरमा वृद्धि भई रहेको र यस जिल्ला भित्र पनि संक्रमणको दर वृद्धि भई रहेको हामी सबैलाई अवगत नै छ । यस्तो महामारीको रोकथाम तथा नियन्त्रणमा अग्रपंङ्तिमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, सञ्चारकर्मी, समाजसेवीहरु र यस कार्यमा खटिने व्यक्तित्वहरुको भूमिका उल्लेखनीय र सम्मानयुक्त देखिन्छ ।

महामारीको रोकथाम तथा नियन्त्रणमा अग्रपङ्तिमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, संक्रमित व्यक्ति र निजका परिवार माथि विभिन्न उश्रृखल समूह/व्यक्तिबाट दूर्व्यवहार र अपमानजनक क्रियाकलाप भएको विभिन्न सूचना तथा सञ्चार माध्यम मार्फत सार्वजनिक भएकोमा त्यस्ता गैरकानूनी, अमानवीय र अपमानजनक कार्य हुन र गर्न नदिन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । उल्लेखित कार्यहरु भए गरेको पाईएमा प्रचलित कानून बमोजिम कार्वाही गरिने व्यहोरा सूचित गरिन्छ ।

मितिः- ०९ भाद्र, २०७७

०७७/०५/०९
भास्कर दाहाल
प्रशासकीय अधिकृत

Website:- daoramechhap.moha.gov.np, E-mail:- daoramechhap@gmail.com
"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्या :-
चलानी नं :-

मितिः- २०७७/०५/१२

## जिल्ला प्रशासन कार्यालय रामेछापका प्रमुख जिल्ला अधिकारीबाट

### जारी आदेश

विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमण यस जिल्ला भित्र निरन्तर बढी रहेको र उच्च स्तरमा बढ्ने जोखिम रहेको छ । यस जिल्लामा सो रोगको रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउन जरुरी देखिएकोले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा संक्रमण रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) बमोजिम मिति २०७७/०५/१३ गते राती १२:०० बजे देखि मिति २०७७/०५/१८ गते राती १२:०० बजेसम्म रामेछाप जिल्लाभर लागू हुने गरी देहाय बमोजिमका गतिविधिहरु गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिएको छ ।

देहाय

१. औषधी, खाद्यान्न, स्वास्थ्य, सुरक्षा, खानेपानी, दुध, तरकारी, फलफूल, विद्युत, सूचना तथा सञ्चार, फोहोर व्यवस्थापन अन्य पसल बाहेक सैलुन, पार्लर, होटल, रेष्टुरेन्ट, भोजनालय सञ्चालन गर्न ।
२. औषधी, खाद्यान्न तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन।
३. अत्यावश्यक कार्यमा मास्क विना घर बाहिर निस्कन ।
४. फुटपाथ/खुल्ला ठाउँ, ठेलागाडा/साइकल, हाटबजारमा पसल/व्यापार सञ्चालन गर्न, कवाडी संकलन गर्न ।
५. एम्बुलेन्स, बिरामी बोकेका गाडी, खाद्यवस्तु, तरकारी, दुध, खानेपानी, विद्युत, सञ्चार, पेट्रोलियम पदार्थ, शव वहान, फोहोर व्यवस्थापन गर्ने गाडी, पशुपंक्षीका दाना बोक्ने गाडी, निर्माण सामाग्री, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, पशु स्वास्थ्यकर्मी, प्राविधिक तथा सुरक्षा निकायले प्रयोग गर्ने साधन र प्रशासनको अनुमति प्राप्त साधन बाहेक सबै सार्वजनिक, निजी सवारी साधन (मोटरसाइकल समेत) सञ्चालन गर्न।
६. शैक्षिक संस्थाहरु, कुनै पनि प्रकारको मेला, महोत्सव, बैठक, समीक्षा, गोष्ठी, सेमिनार, सामूहिक जमघट, सभा, जुलुस, मनोरञ्जनस्थल, हेल्थ क्लब, खेलकुद कार्यहरु गर्न ।
७. दैनिक रुपमा घर परिवार भित्र हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट गर्न।
८. यस जिल्लाको प्रवेश नाका सेलेघाट, खैरेनीघाट, लुभुघाट, नवलपुरघाट, खिम्ति, धारापानी, साँघुटार लगायत प्रवेश नाकाहरुबाट बेलुका ७:०० बजे देखि विहान ५:०० बजे सम्म पैदल आवात जावत गर्न ।
९. सहकारी, वित्तीय संघ/संस्थाहरुले समुदायमा गई बचत संकलन गर्न ।
१०. अत्यावश्यक सेवाका र मालवाहक ढुवानी साधन एवं जिल्लाको अनुमति विनाका सवारी साधन यस जिल्ला भित्र प्रवेश गर्न ।
११. ढुवानी साधनमा मानिसहरु लुकाएर ल्याउन ।

तर

१२. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूरा गरेर उपभोग्य वस्तु विक्री गर्ने, औषधी, खाद्यान्न, फलफूल, तरकारी दुध लगायतका अत्यावश्यक सेवाका पसलहरु विहान ५:०० बजेबाट ११:०० बजे सम्म सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
१३. सबै सरकारी तथा सार्वजनिक कार्यालयहरु, बैंक तथा वित्तीय संस्थाहरुले न्यूनतम मात्रामा कर्मचारी उपस्थित गराई कार्यालय सञ्चालन गर्ने र सो बाहेकका अन्य कर्मचारीलाई सुरक्षित घरबाटै कार्यहरु गर्ने व्यवस्था कार्यालय प्रमुखले मिलाउने । सकेसम्म विद्युतीय माध्यमबाट सेवा प्रवाहको व्यवस्था मिलाउने।
१४. बैक वित्तीय संस्था/सहकारी कार्यालयहरु विहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
१५. कुनै पनि पेशा, व्यवसाय, सेवा सञ्चालन गर्दा जनस्वास्थ्य मापदण्ड र सुरक्षा मापदण्ड सम्बन्धित व्यक्ति, निकाय/संस्थाले अनिवार्य पालना गर्ने/गराउने ।

साथै

१६. अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मुल्यवृद्धि गर्ने, म्याद नाघेका सामान विक्रि वितरण गर्ने, आपूर्तिमा अवरोध गर्नेलाई प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।
१७. उल्लेखित आदेशको उलंघन गर्ने र पालना गर्न/गराउन अवरोध गर्नेहरु उपर प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।
१८. कोभिड-१९ को रोकथाम र नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका व्यक्तिहरु, संक्रमित व्यक्ति र निजका परिवारहरु माथि दूर्व्यवहार, अपमानजनक क्रियाकलाप भएको विभिन्न सूचना तथा सञ्चार माध्यम मार्फत सार्वजनिक भएकोमा त्यस्ता गैरकानूनी, अमानवीय र अपमानजनक कार्य भए गरेको पाईएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।
१९. कोभिड-१९ को बढ्दो संक्रमण र असहज अवस्थामा आदेशको पूर्ण पालना गरी/गराई यसको रोकथाम र नियन्त्रणको लागि सहयोग प्रदान गर्नु हुने सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"

Website:- daoramechhap.moha.gov.np, E-mail:- daoramechhap@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
मन्थली, रामेछाप

०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

मितिः- २०७७/०५/१८

## जिल्ला प्रशासन कार्यालय रामेछापका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माबाट जारी आदेश

विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमण यस जिल्ला भित्र निरन्तर बढी रहेको र उच्च स्तरमा बढ्ने जोखिम रहेको छ । यस जिल्लामा सो रोगको रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउन जरुरी देखिएकोले नेपाल सरकार मन्त्रिपरिषद् तथा जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको निर्णय तथा संक्रमण रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७७/०५/१३ गते राती १२:०० बजे देखि २०७७/०५/१८ गते राती १२:०० बजेसम्म लगाईएको निषेध आदेश मिति २०७७/०५/१८ गते राती १२:०० बजे देखि २०७७/०५/२५ गते राती १२:०० बजेसम्म रामेछाप जिल्लाभर लागू हुने गरी देहाय बमोजिमका गतिविधिहरु गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिएको छ ।

निषेध गरिएका कार्य/सेवाहरु <u>देहाय</u>

१. औषधी, खाद्यान्न, स्वास्थ्य, सुरक्षा, खानेपानी, दुध, तरकारी, फलफूल, विद्युत, सूचना तथा सञ्चार, फोहोर व्यवस्थापन अन्य पसल बाहेक सैलुन, पार्लर, होटल, रेष्टुरेन्ट, भोजनालय सञ्चालन गर्न ।
२. औषधी, खाद्यान्न तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन।
३. अत्यावश्यक कार्यमा मास्क विना घर बाहिर निस्कन ।
४. फुटपाथ/खुल्ला ठाउँ, ठेलागाडा/साइकल, हाटबजारमा पसल/व्यापार सञ्चालन गर्न, कवाडी संकलन गर्न ।
५. एम्बुलेन्स, बिरामी बोकेका गाडी, खाद्यवस्तु, तरकारी, दुध, खानेपानी, विद्युत, सञ्चार, पेट्रोलियम पदार्थ, शव वहान, फोहोर व्यवस्थापन गर्ने गाडी, पशुपंक्षीका दाना बोक्ने गाडी, निर्माण सामाग्री, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, पशु स्वास्थ्यकर्मी, प्राविधिक तथा सुरक्षा निकायले प्रयोग गर्ने साधन र प्रशासनको अनुमति प्राप्त साधन् बाहेक सबै सार्वजनिक, निजी सवारी साधन (मोटरसाइकल समेत) सञ्चालन गर्न।
६. शैक्षिक संस्थाहरु, कुनै पनि प्रकारको मेला, महोत्सव, बैठक, समीक्षा, गोष्ठी, सेमिनार, सामूहिक जमघट, सभा, जुलुस, मनोरञ्जनस्थल, हेल्थ क्लब, खेलकुद कार्यहरु गर्न ।
७. दैनिक रुपमा घर परिवार भित्र हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट गर्न।
८. यस जिल्लाको प्रवेश नाका सेलेघाट, खैरेनीघाट, लुभुघाट, नवलपुरघाट, खिम्ति, धारापानी, साँघुटार लगायत प्रवेश नाकाहरुबाट बेलुका ७:०० बजे देखि विहान ५:०० बजे सम्म पैदल आवात जावत गर्न ।
९. सहकारी, वित्तीय संघ/संस्थाहरुले समुदायमा गई बचत संकलन गर्न ।
१०. अत्यावश्यक सेवाका र मालवाहक ढुवानी साधन एवं जिल्लाको अनुमति विनाका सवारी साधन यस जिल्ला भित्र प्रवेश गर्न ।
११. ढुवानी साधनमा मानिसहरु लुकाएर ल्याउन ।

सञ्चालन गर्न पाउने कार्य/सेवाहरु

१२. कामदार/कर्मचारीहरु आयोजना स्थलमै क्वारेन्टिन राखी विकास निर्माण/आयोजनाका कार्य ।
१३. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरी/गराई उद्योग व्यवसाय सञ्चालन गर्न ।
१४. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूरा गरेर उपभोग्य बस्तु विक्री गर्ने, औषधी, खाद्यान्न, फलफूल, तरकारी दुध लगायतका अत्यावश्यक सेवाका पसलहरु विहान ५:०० बजेबाट दिउँसो १:०० बजे सम्म सञ्चालन गर्ने व्यवस्था मिलाउन ।
१५. सबै सरकारी तथा सार्वजनिक कार्यालयहरु, बैंक तथा वित्तीय संस्थाहरुले न्यूनतम मात्रामा कर्मचारी उपस्थित गराई कार्यालय सञ्चालन गर्ने र सो बाहेकका अन्य कर्मचारीलाई सुरक्षित घरबाटै कार्यहरु गर्ने व्यवस्था कार्यालय प्रमुखले मिलाउने । सकेसम्म विद्युतीय माध्यमबाट सेवा प्रवाहको व्यवस्था मिलाउने।
१६. बैंक वित्तीय संस्था/सहकारी कार्यालयहरु विहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म नेपाल राष्ट्र बैंकले तोकेको वा न्यूनतम कर्मचारीबाट सेवा दिने व्यवस्था मिलाउने ।
१७. कुनै पनि पेशा, व्यवसाय, सेवा सञ्चालन गर्दा जनस्वास्थ्य मापदण्ड र सुरक्षा मापदण्ड पालना गर्ने/गराउने, सम्बन्धित व्यक्ति, निकाय/संस्थाको कर्तव्य हुनेछ।
१८. उल्लेखित आदेशको उल्लघन गर्ने र पालना गर्न/गराउन अवरोध गर्नेहरु उपर संक्रमण ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ तथा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।
१९. पितृ कार्य तथा श्राद्ध लगायतका कार्यहरु आफू भैरहेको स्थानबाट न्यूनतम संख्यामा सम्पन्न गर्न ।
२०. कोभिड-१९ को बढ्दो संक्रमण र असहज अवस्थामा आदेशको पूर्ण पालना गरी/गराई यसको रोकथाम र नियन्त्रणको लागि सहयोग प्रदान गर्नु हुने सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"
Website:- daoramechhap.moha.gov.np, E-mail:- daoramechhap@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप
(............................. फाँट
०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्या :-

चलानी नं :-

मितिः- २०७७/०५/२४

# मनसुन सम्बन्धि सूचना

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् बुलेटिन अनुसार २०७७ भाद्र २४ गते विहान ७:०० देखि २४ घण्टा सम्मको बाढी पूर्वानुमान बमोजिम कोशी लगायत केही स-साना नदीहरुमा वहाव वढ्न सक्ने र केहीमा आकास्मिक वहाव भई सर्तकता आसपास पुग्न सक्ने पूर्वानुमान गरिएकोले नदी तटीय क्षेत्रका बासिन्दाहरुलाई उच्च सर्तकता अपनाउन तथा सुरक्षित स्थानमा बस्नु हुन अनुरोध गरिन्छ ।

..............................
वेदप्रसाद अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी

Website:- daoramechhap.moha.gov.np, E-mail:- daoramechhap@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

मितिः- २०७७/०५/२५

## जिल्ला प्रशासन कार्यालय रामेछापको
## जरुरी सूचना

यस जिल्लामा मिति २०७७/०५/०४ देखि लगाईएको निषेधाज्ञा २०७७/०५/२५ गते राती १२:०० देखि समाप्त हुने हुँदा नागरिकको जनजीवनलाई सरलीकरण गर्न आवश्यक भएकोले मिति २०७७/०५/२५ गते राती १२:०० बजे देखि स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गर्ने गरी अर्को निर्णय नभएसम्म नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय, जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको निर्णय, संक्रामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकार प्रयोग गरी जिल्ला भित्र लागू हुने गरी देहाय बमोजिम सेवा तथा कार्यहरु गर्न र नगराउने सम्बन्धमा सूचना जारी गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

१. <u>सञ्चालन गर्न पाइने सेवा तथा कार्यहरु</u>

- १.१. अत्यावश्यक सेवा अन्तर्गतका औषधी पसल र स्वास्थ्य सामग्री बिक्री गर्ने पसलहरु नियमित सञ्चालन गर्ने ।
- १.२. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूरा गरेर खाद्य वस्तु, दुध, तरकारी, फलफूल, माछामासु, स्टेशनरी, इलोक्ट्रोनिक अन्य पसलहरु दिउँसो ४:०० बजे सम्म मात्र सञ्चालन गर्ने
- १.३. स्वास्थ्यको मापदण्ड पालना गरी टेक अवे सेवा साथै अनलाइन डेलिभरी सेवा सञ्चालन गर्ने ।
- १.४. अत्यावश्यक सेवा र मालवाहक सवारी साधन बाहेकका जिल्ला भित्र सञ्चालन हुने पालिका देखि सदरमुकामसम्म मात्र यात्रु वाहक सवारी साधन सञ्चालन गर्ने । सार्वजनिक सवारी साधन सञ्चालन गर्दा सिट क्षमताको ५०% भन्दा बढी नहुने गरी यात्रु राखे, यात्रु बिच भौतिक दूरी कायम गराउने, चालक र सह-चालकले अनिवार्य मास्कको प्रयोग गर्ने, ढोकामा स्यानीटाइजरको व्यवस्था गर्ने र दैनिक रुपमा साधनलाई निसंक्रमित गर्नु पर्नेछ । सवारी साधन विहान ५:०० बजे देखि साँझ ६:०० बजेसम्म मात्र सञ्चालन गर्ने, जिल्ला भित्र रहेका साधनलाई मात्र सञ्चालन गर्ने ।
- १.५. जनसम्पर्क बढी हुने कार्यालयले सकेसम्म Online, E-service, Token System र तोकिएको सेवाग्राहीको संख्याका आधारमा सेवाग्राहीको भिड नहुने गरी सेवा सञ्चालन गर्ने ।
- १.६. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरी/गराई उद्योग व्यवसाय सञ्चालन गर्न ।
- १.७. बैंक वित्तीय संस्था/सहकारी कार्यालयहरुले नेपाल राष्ट्र बैंकले तोकेको वा न्यूनतम कर्मचारीबाट सेवा दिने व्यवस्था मिलाउने ।
- १.८. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तोके अनुरुप Online कक्षा सञ्चालन गर्ने ।

२. <u>सञ्चालन गर्न नपाइने सेवा तथा कार्यहरु</u>

- २.१. हाटबजारमा पसल/व्यापार सञ्चालन गर्न ।
- २.२. शैक्षिक संस्थाहरु तथा कक्षा सञ्चालन गर्न ।
- २.३. कुनै पनि प्रकारको मेला, महोत्सव, गोष्ठी, सेमिनार, सामूहिक जमघट, सभा, जुलुस, मनोरञ्जनस्थल, सैलुन, पार्लर, होटल, हेल्थ क्लब, खेलकुद कार्यहरु ।
- २.४. अत्यावश्यक सेवा बाहेकका बैठक, तालिम।
- २.५. दैनिक रुपमा घर परिवार हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट गर्न ।
- २.६. यस जिल्लाको प्रवेश नाका सेलेघाट, खैरेनीघाट, लुभुघाट, नवलपुरघाट, खिम्ति, धारापानी, साँघुटार लगायत प्रवेश नाकाहरुबाट बेलुका ७:०० बजे देखि विहान ५:०० बजे सम्म पैदल आवात जावत गर्न ।
- २.७. सहकारी, वित्तीय संघ/संस्थाहरुले समुदायमा गई बचत संकलन गर्न ।
- २.८. मापदण्ड विपरीत आयोजनामा कामगर्ने कामदार ओसार पसार गर्न ।

३. कुनै पनि पेशा, व्यवसाय, सेवा सञ्चालन गर्दा जनस्वास्थ्य मापदण्ड र सुरक्षा मापदण्ड पालना गर्ने/गराउने, सम्बन्धित व्यक्ति, निकाय/संस्थाको कर्तव्य हुनेछ। निषेधित सेवा तथा कार्य सञ्चालन भएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

४. उपरोक्तानुसारको व्यवस्था गरिएको सुरक्षा मापदण्ड पालना भए/नभएको, पसल व्यवसाय सञ्चालन भए नभएको अनुगमन सम्बन्धित सेवा प्रदायक निकायबाट तथा गठित विभिन्न अनुगमन समितिबाट हुनेछ। सो अनुसार नभएको पाइएमा संक्रामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ तथा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

Website:- daoramechhap.moha.gov.np E-mail:- daoramechhap@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, रामेछाप
फोन नं. ०४८-५४०३३३, ५४०१३३, ५४०३७०, फ्याक्स नं. ०४८-५४०५०१, ५४००८८
Email: daoramechhap@gmail.com, Web: daoramechhap.moha.gov.np टोलफ्री नं. १६६०४५५४८८८